World Vision

जिल्ला विवरण

# गोरखा






**वर्ल्ड भिजनको कार्यक्षेत्र**
पालुङटार नगरपालिका (वडा नं. २, ३, ४, ५, ६, ७), सिरानचोक गाउँपालिका (वडा नं. १), अजिरकोट गाउँपालिका (वडा नं. १, ३)

जनसंख्या
२,६८,९९२

६७% घरधुरी
कृषि पेशामा संलग्न

५४,८६० भन्दा बढी मानिस
गरिब परिवारका

८१.५९% घरहरू
भूकम्पबाट पूर्ण
रुपमा क्षतिग्रस्त

२९,४०७ मानिसहरू
अस्थायी टहरामा

६८% घरधुरी
सिँचाई सुविधाबाट वञ्चित

स्रोत : खाद्य सुरक्षा, जीविकोपार्जन तथा पुनर्लाभ सम्बन्धी संयुक्त मूल्यांकन प्रतिवेदन, जनवरी २०१६; नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली ।

## उपलब्धिहरू
अगस्ट २०१५ – मार्च २०१७

**१९,८१४**
बालबालिका
६ वटा विद्यालय भवनको मर्मत/निर्माण, शैक्षिक सामग्री वितरण सहितको शैक्षिक क्रियाकलापबाट लाभान्वित

**९,७०५**
व्यक्ति नगदमा आधारित कार्यक्रमबाट लाभान्वित

**३१,७५०**
व्यक्ति
२,३२५ शौचालयको निर्माण र २७ वटा खानेपानी आयोजनाको पुनर्निर्माण सहितको खानेपानी, सरसफाइ तथा स्वच्छता क्रियाकलापबाट लाभान्वित

**१२,०१०**
व्यक्ति
आपत्कालीन आवास सामग्रीहरूको वितरणबाट लाभान्वित

**७४५**
बालबालिका
२ वटा बालमैत्री स्थल निर्माण, बाल संरक्षण समितिहरूको प्रवर्द्धन र बालबालिका तथा तिनका परिवारलाई मनोसामाजिक सहयोग सहितको बाल संरक्षण क्रियाकलापबाट लाभान्वित

**१३,२९०**
व्यक्ति
३ वटा स्वास्थ्य चौकी निर्माण/पुनर्निर्माण, ४४० स्ट्रेचर र स्वास्थ्य सामग्री वितरण तथा ५ वटा महिला, किशोरकिशोरी, युवा र बालमैत्री स्थल निर्माण सहितको स्वास्थ्य क्रियाकलाप बाट लाभान्वित

**९,७०५**
व्यक्ति
कृषि वस्तु वितरण, कृषि उत्पादन सम्बन्धी तालिम सहितको जीविकोपार्जन क्रियाकलापबाट लाभान्वित



गोरखामा भूकम्प गएलगत्तै वर्ल्ड भिजनले तत्कालका राहत आवश्यकता पूरा गर्नेतर्फ कार्य गरेको थियो । अक्टोबर २०१५ देखि सेप्टेम्बर २०१६ सम्म पुनर्लाभ चरणका क्रियाकलापहरू गरेको थियो ।

अक्टोबर २०१६ बाट सुरु भएको पुनर्स्थापना चरणले उत्थानशीलता निर्माणका लागि प्राथमिकताका निम्न क्षेत्रहरूमा जोड दिएको छ : जीविकोपार्जन, आवास/पूर्वाधार र खानेपानी, सरसफाइ तथा स्वच्छता ।




## खानेपानी, सरसफाइ तथा स्वच्छता

- सामुदायिक खानेपानी आयोजनाहरूको निर्माण तथा पुनर्निर्माण
- विपद् जोखिम न्यूनीकरण र कम खर्चमा पानी शुद्धीकरण गर्ने प्रविधिमा जोड दिँदै स्वास्थ्य तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी क्रियाकलाप

## जीविकोपार्जन

- जोखिममा रहेका मानिसहरूलाई व्यावसायिक तालिम
- सुविधाबाट वञ्चित समुदायलाई आयआर्जन क्रियाकलापमा सहयोग
- सिँचाइ आयोजनाहरूको पुनर्निर्माण
- युवाहरूलाई उद्यमशीलता तालिम
- कृषिजन्य सहयोग
- कृषक समूहहरूको क्षमता अभिवृद्धि
- बचत समूह र सहकारीहरूको क्षमता अभिवृद्धि
- स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाको प्रवर्द्धन

## आवास र पूर्वाधार

- एउटा विद्यालय निर्माण

बाल संरक्षण, स्वास्थ्य, शिक्षा, विपद् जोखिम न्यूनीकरण, लैङ्गिक समता र सामाजिक समावेशीकरणलाई यिनै मुख्य क्षेत्रहरू अन्तर्गत समावेश गरिएको छ



'घर नजिकै नयाँ स्वास्थ्य चौकी बनेको छ । कुनै बिसञ्चो भइहाल्यो भने म तुरुन्तै त्यहीँ गइहाल्छु । म ६० वर्षकी भएँ र यो उमेरमा घरै नजिक स्वास्थ्य चौकी हुनु भनेको त निकै ठूलो कुरा हो । हामीलाई स्वास्थ्य चौकीको अति आवश्यकता थियो । प्रसुती कक्ष, सोलार पावर र शौचालय सहितको यो स्वास्थ्य चौकीको निर्माण वर्ल्ड भिजनको सहयोगमा सम्पन्न भएको छ । म त असाध्यै खुसी छु किनकि अब सामान्य रोगको उपचारका लागि शहर जानु पर्दैन ।'

कुल कुमारी श्रेष्ठ
गाइखुर, गोरखा

*२०१७ मार्चसम्मको प्रगति विवरण


वर्ल्ड भिजन इन्टरनेसनल नेपाल
जिल्ला कार्यालय
गोरखा नगरपालिका-८, गोरखा
फोन : ९७७ ०६४ ६९११०८

info_nepal@wvi.org
www.wvi.org/nepal
@wvinpl
@wvinepal